बैठक नं. ४४

बैठक संख्या :

आज मिति २०७६ साल भाद्र ०८ गतेका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | [हस्ताक्षर] |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | [हस्ताक्षर] |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | [हस्ताक्षर] |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | [हस्ताक्षर] |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | [हस्ताक्षर] |
| ६ | श्री चक्र बहादुर पाखिन | सदस्य | [हस्ताक्षर] |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | [हस्ताक्षर] |
| ८ | श्री जेसुन्दरी माया वाइबा | सदस्य | [हस्ताक्षर] |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | यम |
| १० | श्री जानुका थापा मगर | सदस्य | [हस्ताक्षर] |
| ११ | श्री हिमाली माया वि.क. | सदस्य | हिमाली |
| १२ | श्री गंगा माया वि.क. | सदस्य | – |
| १३ | श्री सुन माया थिङ | सदस्य | – |
| १४ | श्री सन्तोष नेपाली | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | [हस्ताक्षर] |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार वाइबा | सूचना प्रविधि अधिकृत | [हस्ताक्षर] |
| २ | श्री तारा प्रसाद पौडेल | खरिदार | [हस्ताक्षर] |

निर्णयहरु :

**निर्णय नं. १** - यस गाउँपालिकाको कृषि शाखामा कर्मचारी नभएको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि तत्काल प्रा.स.(कृषि)-१ र ना.प्रा.सा.(कृषि)-२ जना सेवा करारमा राख्ने र सो को विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** - यस गाउँपालिकाको प्राविधिक शांखामा सव ईन्जिनियर-१ को पद रिक्त रहेकाले अर्को व्यवस्था नभएसम्म उक्त रिक्त दरवन्दिमा करार नियुक्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** - यस गाउँपालिकाको वडा नं. ३, चौकीटार ओरालो देखि वडा नं. ४ बेलबोटसम्मको सडक पहिरो गई अबरुद्ध भएकोले उक्त सडक खण्डको पहिरो गाउँपालिकाको ब्याक हो लोडर मार्फत सफा/मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** -यस गाउँपालिकाको आर्थिक सहयोगमा रेडक्रस उपशाखा तामाजोरद्वारा खरिद भई सञ्चालित एम्बुलेन्सलाई व्यवस्थित र पारदर्शि ढंगले सञ्चालन गर्न एम्बुलेन्स सञ्चालन कार्यविधि बनाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** - यस गाउँपालिका अर्न्तगतका सामुदायिक विद्यालय, सहकारी संस्था इत्यादिको आ.व. २०७५/७६ को लेखापरीक्षण गर्न गाउँपालिकामा प्राप्त हुन आएका तपशील बमोजिमका लेखापरीक्षकहरु सूचिकृत गर्ने र सोहि सूचिकृत लेखापरीक्षकहरुबाट मात्रै लेखापरीक्षण गराउने निर्णय गरियो ।

**तपशील:**

| क्र.स. | लेखापरीक्षकको नाम | संलग्नफर्मको नाम |
|---|---|---|
| १ | कृष्णराज के.सी | के. आर. के.सी. एण्ड एशोसिएटस |
| २ | रोहित कुमार झा | रोहित एण्ड एशोसिएटस |
| ३ | मोहन कुमार श्रेष्ठ | एम. के. श्रेष्ठ एण्ड एशोसिएटस |
| ४ | बद्री नारायण श्रेष्ठ | बद्री एण्ड एशोसिएटस |
| ५ | अचुतम ढकाल | ए. डी. एण्ड एशोसिएटस |
| ६ | केदारमान श्रेष्ठ | के. एम. एण्ड एशोसिएटस |
| ७ | छत्र बहादुर श्रेष्ठ | सि. वि. एण्ड एशोसिएटस |
| ८ | विष्णु प्रसाद देवकोटा | वि. पि. देवकोटा एण्ड एशोसिएटस |
| ९ | दिल बहादुर देवकोटा | डि. वि. देवकोटा एण्ड एशोसिएटस |
| १० | सुसिल कुमार वर्मा | एस. के. बि. एण्ड एशोसिएटस |
| ११ | दामोदर प्रसाद अधिकारी | डि. अधिकारी एण्ड एशोसिएटस |

**निर्णय नं. ६** - यस गाउँपालिका वडा नं. २ का अध्यक्ष श्री एक बहादुर खड्कालाई गाउँपालिकाको प्रवक्तामा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ७** - यस गाउँपालिकाको आ.ब. २०७५/७६ को आन्तरीक लेखापरीक्षण गर्नका निमित्त कोष तथा लेखानियन्त्रक कार्यालय सिन्धुलीलाई पत्रचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** - यस गाउँपालिका अर्न्तगतका सहकारीहरुलाई दर्ता, नवीकरण कार्यलाई व्यबस्थित बनाउनका लागि घ्याङलेख गाउँपालिकाको सहकारी दर्ता संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्बन्धि मापदण्ड,२०७६ सर्वसम्मत पारीत गरियो ।

**निर्णय नं. ९** - यस गाउँपालिका कार्यालय तथा मातहतका कार्यालयमा रीक्त प्राविधिक कर्मचारीहरु करार सेवामा लिने कार्यलाई व्यवस्थित गर्नका लागिघ याङलेख गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०७६ सर्वसम्मत पारीत गरियो ।

**निर्णय नं. १०** - यस गाउँपालिकाका सबै वडाहरुलाई हिन्दु नारीहरुको महान चाड हरीतालिका तीजपर्व, २०७६ मनाउनका लागि प्रति वडा खर्चका आधारमा रु. १५०००/- का दरले खर्च भुक्तानी दिने निर्णय गरियो ।

जगत बहादुर भोलन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत